## गण्डकी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ८ सङ्ख्याः १४ मितिः २०८१/०९/२६

## भागः २

## गण्डकी गाउँपालिका

## गण्डकी गाउँपालिकाको पशु पन्छी पालक कृषक प्रोत्साहन तथा राहत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

# गण्डकी गाउँपालिकाको पशु पन्छी पालक कृषक प्रोत्साहन तथा राहत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१

**प्रस्तावना**

नेपालमा पशुपन्छी पालनको अवस्था र व्यवसाय उन्मुख कृषि र पशुपालनलाई व्यवस्थित र दिगो बनाउन पशुपन्छी उत्पादनको परिमाण र गुणस्तर वृद्धि गर्दै पशुपन्छी पालन व्यवसायलाई दीगो बनाउन व्यावसायिक क्षमताको आधारमा प्रोत्साहन गर्न बाञ्छनीय गण्डकी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी गण्डकी गाउँपालिका गाउँ कार्यपालिकाले यो कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरेको छ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम 'गण्डकी गाउँपालिकाको पशुपन्छी पालक कृषक प्रोत्साहन तथा रमहत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१' रहेको छ।

(ख) यो कार्यविधि गण्डकी गाउँपालिका क्षेत्रभित्र लागु हुनेछ।

(ग) यो कार्यविधि गण्डकी गाउँकार्यपालिकाबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ।

**२. परिभाषा**ः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :

(क) 'कार्यविधि' भन्नाले 'पशुपन्छी पालक कृषक प्रोत्साहन तथा राहत कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ सम्झनु पर्दछ।

(ख)'गाउँपालिका' भन्नाले गण्डकी गाउँपालिका र 'गाउँकार्यपालिका' भन्नाले गण्डकी गाउँ कार्यपालिका सम्झनु पर्दछ।

(ग) 'शाखा' भन्नाले गण्डकी गाउँकार्यपालिकाको पशु सेवा शाखा र कार्यक्रम' भन्नाले गण्डकी गाउँसभाबाट स्वीकृत भएका पशु सेवा सम्बन्धी कार्यक्रमहरु सम्झनु पर्दछ।

(घ) 'सेवा केन्द्र' भन्नाले गण्डकी गाउँपालिका क्षेत्रमा सञ्चालित पशु सेवा केन्द्र सम्झनु पर्दछ।

(ङ) 'व्यवसायी' भन्नाले पशु पन्छी पालन पेशामा आवद्ध भई व्यावसायीक रुपमा पशुपन्छी, माछा लगायतका कृषि व्यवसाय गर्ने कृषक तथा कृषि उद्यमीलाई समेत सम्झनु पर्छ।

(च) 'प्रोत्साहन तथा राहतग्राही' भन्नाले यस कार्यविधि अनुरुप प्रोत्साहन तथा राहत प्राप्त गर्ने व्यावसायीलाई सम्झनु पर्छ।

गण्डकी गाउँपालिका

(छ) 'कार्यक्रम' भन्नाले व्यवसायको क्षमता उत्पादन परिमाणको आधारमा प्रोत्साहन कार्यक्रम सम्झनु पर्छ।

## परिच्छेद २

## प्रोत्साहन उपलब्ध गराउने प्रक्रिया

**३. प्रोत्साहन तथा राहत प्रवाह गर्ने निकाय :** प्रोत्साहन तथा राहत प्रवाह गर्ने निकायमा गण्डकी गाउँपालिका पशु सेवा शाखामा रहेका निकाय रहनेछन्।

**४. सूचना प्रवाह र आवेदन सङ्कलन :** (१) कृषक प्रोत्साहन राहत कार्यक्रमका लागि सहभागी हुन कार्यालयले प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीले तोकेको म्याद नियमानुसार प्रक्रिया पुर्‍याएर अनुसूची १ अनुसारको ढाँचामा सूचना प्रकाशन गरी आवेदन आव्हान गर्नु पर्नेछ।

(२) प्रस्ताव सम्बन्धित सरोकारवाला सवैको जानकारीका लागि नगर कार्यपालिकाको लिए, वडा कार्यालय, सेवा केन्द्रका साथै स्थानीय एम. एम. रेडियोबाट समेत सूचना प्रकाशन र प्रसारण गर्नुपर्नेछ।

(३) प्रस्ताव आह्वानको सूचना बमोजिम तोकिएको समयभित्र सहभागी हुन चाहने व्यावसायीक कृषक तथा कृषि उद्यमीहरूले कार्यालयले जारी गरेको सूचना बमोजिम निर्दिष्ट गरेको अनुसूची २ अनुसारको ढाँचामा आफ्नो पशुपन्छी व्यवसायले उत्पादन उत्पादकत्व तथा रोजगारीमा दिएको योगदान स्पष्ट हुने गरी आवेदन पेश गर्नु पर्नेछ।

**५. प्रोत्साहन तथा राहतग्राही छनौट र प्रोत्साहन प्रवाह गर्ने विधि :** (१) व्यवसायीको क्षमता र उत्पादन परिमाणको आधारमा प्रोत्साहन ग्राही छनौट गरिनेछ।

(२) प्रतिफल गणनाका लागि स्वीकृत बजेटको परिधिभित्र रही गाउँपालिकामा तोकिएका प्राथमिक व्यावसायीक पशुपन्छी तथा मत्स्य पोखरी सङ्ख्या, क्षेत्रफल र उत्पादनलाई आधार मानिनेछ।

**६. प्रोत्साहन छनोट समितिः** (१) प्रोत्साहन तथा राहत छनोटका लागि सिफारिस गर्न देहायबमोजिमको सिफारिस समिति रहनेछ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी संयोजक

(ख) प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख वा प्रतिनिधि सदस्य

(ग) पूर्वाधार विकास शाखा प्रमुख वा प्रतिनिधि सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

(ङ) कृषि शाखा प्रमुख सदस्य

(च) पशुसेवा शाखा प्रमुख सदस्य सचिव

(२) समितिले अनुसूची ३ मा उल्लेखित मापदण्डको आधारमा प्रोत्साहन तथा राहतग्राहीको निवेदन छनोट समितिले मूल्याङ्कन गरी प्रोत्साहनका लागि सिफारिस गर्नेछ।

(३) समितिले प्रोत्साहन तथा राहतग्राहीको छनोटका लागि विशेषज्ञको रुपमा जिल्ला स्थित सम्बन्धित कार्यालयबाट आमन्त्रण गर्न सक्नेछ।

**७. अनुगमन मूल्याङ्कनः** कार्यक्रमको कार्यान्वयनका क्रममा गाउँपालिका स्तरीय योजना तथा कार्यक्रम अनुगमन समिति तथा वडास्तरीय अनुगमन समितिमार्फत जुनसुकै समयमा पनि अनुगमन गर्न सक्नेछ।

**८. पुरस्कार काहीको व्यवस्था** (१) उदाहरणीय काम गर्ने उत्कृष्ट व्यवसायीलाई कदरपत्र सहित सम्मान गरिनेछ। भने क्षति भएका कृषकलाई राहत प्रदान गरिनेछ।

(२) झुटा विवरण पेश गरी प्रोत्साहन रकम प्राप्त गरेको पाइएमा प्रचलित कानूनबमोजिम कारवाही गरी भविष्यमा सेवा सुविधा नदिने गरी सूचिमा राखिनेछ।

## परिच्छेद ३

## विविध

**९. कानून वमोजिम हुने:** यस कार्यविधिमा अन्यत्र जेसुकै उल्लेख गरेको भएता पनि प्रचलित सार्वजनिक खरिद ऐन, नियमावली तथा अन्य प्रचलित ऐन, नियमावलीमा उल्लेख भएकोमा सोही बमोजिम हुनेछ।

**१०. थपघट र हेरफेर गर्न सक्ने :** (१) यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खारेज गर्न सक्नेछ।

**११. बाधा अड्काउ फुकाउः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ।

## अनुसूची-१ कृषक प्रोत्साहन तथा राहत कार्यक्रममा सहभागी हुन आवेदन पेस गर्ने सूचना

(दफा ४ (१) सँग सम्बन्धित)

कृषक प्रोत्साहन तथा राहत कार्यक्रममा सहभागी हुन आवेदन पेस गर्ने सूचना !

(प्रकाशन मिति : ............)

गण्डकी गाउँपालिका पशु सेवा शाखाको आर्थिक वर्ष.......... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार कृषक तथा कृषि उद्यमीलाई पशु पन्छी पालक कृषक प्रोत्साहन तथा राहत कार्यक्रम रहेको हुँदा यस गण्डकी गाउँपालिकाका इच्छुक कृषक तथा कृषि उद्यमीहरूबाट २०८.../...../..... गते कार्यालय समय भित्र गण्डकी गाउँपालिकाको पशु सेवा शाखामा तपशिलका कागजातहरू संलग्न गरी आवेदन पेस गर्न यो सूचना प्रकाशन गरिएको छ। थप जानकारीका लागि नगर कार्यपालिका कार्यालयको आर्थिक विकास शाखामा सम्पर्क गर्न सकिनेछ ।

आवश्यक कागजात

१. नेपाली नागरिकताको प्रतिलिपि

२. निजी फर्मको हकमा संस्था दर्ता/नविकरण गरिएको प्रमाणपत्रको प्रतिलिपि,

३. सम्बन्धित वडा कार्यालयको सिफारिस,

४. निजी फर्मको हकमा गत आव को करचुक्ताको प्रतिलिपि,

५. जग्गा धनी दर्ता प्रमाण पूर्जा वा भाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि,

६. जग्गाको तिरो तिरेको रसिद,

**७. अन्य आवश्यक कागजातहरू ।**

गण्डकी गाउँपालिका

**अनुसूची- २ कृषक प्रोत्साहन तथा राहत कार्यक्रममा सहभागी हुन दिइने निवेदन**

(दफा ४ (३) सँग सम्बन्धित)

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, मिति :

गण्डकी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय भुम्लिचोक गोरखा

विषय : कृषक प्रोत्साहन तथा राहत कार्यक्रममा सहभागी गराइ पाऊँ।

गण्डकी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय भुम्लिचोक गोरखा को मिति प्रकाशित सूचना अनुसार कृषक प्रोत्साहन तथा राहत कार्यक्रममा सहभागी हुन यस गण्डकी गाउँपालिका वडा नं. टोल मा पर्ने म....... कृषका कृषि फर्म / उद्यमीले कृषक प्रोत्साहन कार्यक्रम कार्यान्वयन कार्यविधिको अनुसूचीमा संलग्न फारम भरी यो आवेदन पेस गरेको छु।

**नाम**

पदः

निवेदक

सम्पर्क नं.:

फर्मको नाम

गण्डकी गाँउपालिका

## अनुसूची- ३ प्रस्तावकले पेश गर्ने प्रस्तावको ढाँचा

(दफा ४ (२) सँग सम्बन्धित)

१. कार्यक्रममा सहभागी हुने व्यवसायी कृषकको नामः

२. स्थायी ठेगाना :

३. श्रोतसाधनको विवरण:

| क्र.सं. | विवरण | इकाई | परिमाण |
|---|---|---|---|
| १ | कुल जग्गाको क्षेत्रफल<br>(लिजमा लिएको जग्गा समेत) | | |
| ३ | पशुपालनमा प्रयोग गरिएको जग्गाको क्षेत्रफल | | |
| ४ | सिंचित क्षेत्रफल | | |
| ५ | सिंचित श्रोत | | |
| ६ | कूलो | | |
| ७ | कृषि तथा पशुपन्छीजन्य यन्त्र उपकरणहरूको<br>विवरण तथा अवस्था | | |

४. खेती गरिएको बालीको क्षेत्रफल तथा उत्पादन विवरण

| क्र.सं. | विवरण | इकाई | क्षेत्रफल/परिमाण | उत्पादन |
|---|---|---|---|---|
| १ | उन्नत भैसी | | | |
| २ | उन्नत गाई | | | |
| ३ | बाख्रा | | | |
| ४ | भेडा | | | |
| ५ | स्थानीय जातको कुखुरा | | | |
| ६ | लेयर्स कुखुरा | | | |
| ७ | माछापालन | | | |

५. कृषि पेशामा संलग्न कामदारहरुको विवरणः

| क्र.स | कामको किसिम | संख्या | घरेलु कामदार | ज्यामिकामदार |
|---|---|---|---|---|
| १ | खेति कार्यमा | | | |

| | | | | |
|---|---|---|---|---|
| २ | पशुपालन कार्यमा | | | |
| ३ | पन्छी पालन कार्यमा | | | |
| ४ | प्रशोधन तथा बजारिकरण कार्यमा | | | |

६. लगानी स्थिति

| क्र.स. | खर्चको किसिम | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | जम्मा पशु पालन खर्च | | |
| २ | जम्मा पन्छी पालन खर्च | | |
| ३ | प्रशोधन तथा बजारिकरण खर्च | | |
| ४ | औजार उपकरण खर्च | | |
| | जम्मा खर्च | | |

७. व्यवसायमा भएको लगानीको श्रोतः

| क्र.स. | लगानीको श्रोत | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | बैकबाट लिएको ऋण रकम | | |
| २ | वित्तिय संस्थाबाट्ट लिएको ऋण रकम | | |
| ३ | साहु/ छिमेकिबाट लिएको ऋण रकम | | |
| ४ | आफ्नै आम्दानीबाट व्यहोरेको रकम | | |
| | कुल जम्मा | | |

८. व्यवसायबाट आम्दानीको स्थिति

| क्र.स. | आम्दानीको किसिम | रकम रु | कैफियत |
|---|---|---|---|
| १ | खेति कार्यबाट | | |
| २ | पशु पालन कार्यबाट | | |
| ३ | पन्छी पालन कार्यबाट | | |
| ४ | अन्य आम्दानी | | |
| ५ | जम्मा आम्दानी | | |

## अनुसूची ३ प्रोत्साहन उपलब्ध गराउने मापदण्ड

(दफा ६(२) सँग सम्बन्धित)

प्रोत्साहन उपलब्ध गराउने मापदण्ड

| क्र.स. | व्यवसायको प्रकार | मापदण्ड | प्रोत्साहन रकमको सिमा | कैफियत |
|---|---|---|---|---|
| १ | उन्नत वर्णशंकर भैसी | कम्तिमा ३ वटा दुहुना भैसी पालन गरेको | ३ वटा भैसीको लागि २० हजार<br>३ वटा भैसी भन्दा बढीको हकमा प्रति भैसी २०००/- का दरले बढिमा ५० हजारसम्म | |
| २ | उन्नत वर्णशंकर गाई | कम्तिमा ३ वटा दुहुना गाई पालन गरेको | ३ वटा गाईको लागि २० हजार<br>३ वटा गाई भन्दा बढीको हकमा प्रति गाई २०००/- का दरले बढिमा ५० हजारसम्म | |
| ३ | बाख्रा | कम्तिमा २५ वटा माउ बाख्रा व्यवस्थित रुपमा पालन गरेको | २५ वटा बाख्राको लागि रु २० हजार<br>२५ वटा बाख्रा भन्दा बढिको हकमा प्रति बाख्रा १०००।– का दरले बढिमा ५० हजार सम्म | |
| ४ | स्थानिय जातको कुखुरा | कम्तिमा १०० वटा स्थानिय वयस्क कुखुरा व्यवस्थित रुपमा पालन गरेको | १०० वटा कुखुराको रु १५ हजार र १०० भन्दा बढिको हकमा प्रतिकुखुरा १०० का दरले बढिमा २५ हजार | |
| ५ | लेयर्स कुखुरा | कम्तिमा ५०० वटा लर्यर्स वयस्क कुखुरा व्यवस्थित रुपमा पालन गरेको | ५०० वटा लेयर्स कुखुराको रु १५ हजार र ५०० भन्दा बढिको हकमा प्रति कुखुरा १०० का दरले बढिमा २५ हजार सम्म | |
| ६ | माछा पालन | कम्तिमा ३ रोपनीमा माछा पालन गरेको | ३ रोपनी सम्म २० हजार र ३ रोपनी भन्दा बढिको हकमा प्रति रोपनी २ हजार | |

आज्ञाले

भुवन चापागाई

प्रमुख प्रशासकीय अधिकृत